# श्री शिव सरस्वती माध्यमिक विद्यालय

## SHREE SHIVA SARASWOTI SECONDARY SCHOOL

ऋषिङ गाउँपालिका-८, हवेलीडाँडा, तनहुँ
Rishing Rural Municipality-8, Hawelidanda, Tanahun
स्था: २०३२ Estd. 2032 B.S.
Emis No. 380380007

पत्र संख्या(Letter No.) : ०८३/०८४
चलानी नं.(Dispatch No. ) ०५
मिति/Date २०८३.०४.०५

**विषय: स्थायी शिक्षक सरुवाका लागि दरखास्त आह्वान सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस **श्री शिव सरस्वती माध्यमिक विद्यालय** ऋषिङ् -८ हवेलीडाँडा तनहुँको, विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०४/०१ गते बसेको बैठकको निर्णय र ऋषिङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको च. नं. ०७ मिति २०८३/०४/०४ को प्राप्त अनुमति पत्र अनुसार प्राथमिक तह तृतीय श्रेणीको रिक्त रहेको दरबन्दी संख्या - २ (दुई) शिक्षक पदमा सरुवा भइ आउन इच्छुक स्थायी शिक्षकहरूबाट शिक्षा नियमावली २०५९ (दशौं संशोधन, २०८३) को शिक्षक सरुवा सम्बन्धी व्यवस्था बमोजिम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र विद्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजपत्रहरू:**

१. सरुवाको निवेदन
२. शैक्षिक योग्यता, तालिम, सेवा अवधि खुल्ने प्रमाणपत्र तथा कागजातहरू
३. नेपाली नागरिकताको प्रतिलिपि
४. हालको विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएका कागजपत्रहरू
५. असाधारण तथा बेतलबी बिदा लिएको/नलिएको सम्बन्धी कागज
६. विद्यालयको सहमति पत्र
७. सम्बन्धित स्थानीय तहको सहमति पत्र
८. शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण तथा कागजात पत्र
९. शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) को अनुसूची १७ बमोजिमको फाराम
१०. शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) नियम ९९ शिक्षक सरुवा सम्बन्धी व्यवस्था अनुसार कानुन बमोजिम एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन आवश्यक सम्पूर्ण कागजपत्रहरू
११. दरखास्त पेश गर्ने अन्तिम मिति २०८३/०४/१९ गते, कार्यालय समय भित्र
१२. थप जानकारीको लागि: ९८४२३९६१३५, ९८४६१३४२१०, ९८४१६०८५०१
विद्यालयको इमेल: **shreeshivasaraswoti@gmail.com**

- उल्लेखित समय अवधि भित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरि आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गरिन्छ । साथै अंग्रेजी, विज्ञान मूल विषय लिई सम्बन्धित तहमा उत्तीर्ण भएका शिक्षकहरुलाई प्राथमिकता दिईनेछ ।

**बोधार्थ:**

१. श्री शिक्षा, युवा तथा खेलकुद शाखा, ऋषिङ गाउँपालिका,तनहुँ
२. शिक्षा विकास तथा समन्वय इकाइ, तनहुँ

लिल कुमार श्रेष्ठ
प्रधानाध्यापक

Gmail: shreeshivasaraswoti@gmail.com Contact No : +977 9748434855

श्री महेन्द्रोदय माध्यमिक विद्यालय
Shree Mahendrodaya Secondary School
ऋषिङ्ग गाउँपालिका -५, तनहुँ
Rishing Rural Municipality -5, Ramjakot, Tanahun
स्था: २०९३, Estd: 2013
विद्यालय कोड : ४२१०४
IEMIS : 380370003

पत्र संख्या:- २०८३/०८४
चलानी नं.:- ६०

मिति : २०८३/०४/०४

सूचना ! सूचना !! सूचना !!!

विषयः स्थायी शिक्षक सरुवा सम्बन्धमा।

प्रस्तुत् विषय सम्बन्धमा ऋषिङ्ग गाउँपालिका कार्यालयको च.नं. ४ मिति २०८३/०४/०४ गतेको शिक्षक सरुवा सम्वन्धित अनुमति पत्र अनुसार र मिति २०८३/०४/०२ गते वि.व्य.स. बैठकको निर्णय अनुसार यस श्री महेन्द्रोदय माध्यमिक विद्यालयमा राजिनामा पश्चात रिक्त रहेको मा.वि. तह तृतीय श्रेणी विज्ञान विषय स्थायी शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले शिक्षा नियमावली २०५९ को दशौं संशोधन २०८३ बमोजिम को परिधिभित्र रही योग्य इच्छुक शिक्षकवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०४/१९ गते) सम्म कार्यालय समय भित्र सरुवाका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात संलग्न राखी दरखास्त आह्वान गरिन्छ। रित नपुगेको, म्याद नाघि आएको निवेदन उपर कुनै कारवाही हुने छैन।

तपसिल :

पेश गर्नुपर्ने कागजातहरु :-

१. सरुवा सहमतिका लागि हस्तलिखित निवेदन
२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
३. आफ्नो सेवा अवधि खुल्ने कागजात
४. स्थायी/अस्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाण-पत्रहरुको प्रमाणित प्रतिलिपि
६. हाल कार्यरत विद्यालय र स्थानिय तहमा हालको पदमा सरुवा हाजिर भएको कागजात
७. असाधारण तथा वेतलबी विदा लिए/नलिएको सम्वन्धी कागजात
८. विद्यालयको सहमति पत्र
९. सम्वन्धित स्थानिय तहको सहमति पत्र
१०. शिक्षा नियमावली २०५९ को अनुसूची -१७ बमोजिमको फारम
११. शिक्षा नियमावली २०५९ (दशौ संशोधन २०८३) बमोजिम प्रायमिकता दावी गर्ने प्रमाण/कागजात आवश्यक भएमा।
१२. विद्यालयको ईमेल ठेगाना: mahendrodaya2078@gmail.com
सम्पर्क नं.:- प्र.अ.: ९८४६१६४४७८

वोधार्थ :

१. श्री शिक्षा विकास तथा समन्वय इकाई दमौली, तनहुँ - जानकारी तथा वेबसाईटमा प्रकाशनका लागि।
२. श्री शिक्षा युवा तथा खेलकुद शाखा, ऋषिङ्ग गाउँपालिका कार्यालय - जानकारी तथा वेबसाईटमा प्रकाशनका लागि।
३. श्री ऋषिङ्ग गाउँपालिका ५ नं. वडा कार्यालय - जानकारीका लागि।
४. विद्यालयको सूचना पाटी तथा वेबसाइट प्रकाशनका लागि।

.............................
ज्ञानेन्द्र पौडेल
प्रधानाध्यापक